# प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९
# दैनिक अनुगमन प्रतिवेदन
### २०७९ कात्तिक २६ गते शनिबार

आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन आउन सात दिन बाँकी हुँदा देशका विभिन्न जिल्लामा नमूना मतदानको अभ्यास सञ्चालन गरिएका छन् । निर्वाचन आयोगमार्फत खटिउका स्वास्थ्य स्वयम्सेविकाले देशका सबै वडामा मतदाता शिक्षा कार्यक्रम गरिरहेका छन् ।

निर्वाचन आयोगले आसन्न प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनलाई समावेशी तथा अपाङ्गमैत्री बनाउन तथा आयोगका निर्देशनहरूको पूर्ण रूपमा कार्यान्वयन गर्न/गराउन मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत तथा निर्वाचनमा खटिने सबै कर्मचारीलाई निर्देशन दिएको छ ।

नेपालको संविधानले अङ्गीकार गरेको समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प निर्वाचन आयोगले समेत आत्मसात गरेको कात्तिक २४ गते प्रकाशित विज्ञप्तिमा उल्लेख छ । निर्वाचन आयोगले जारी गरेको 'निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७' प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (मतदान) निर्देशिका, २०७९, लगायतका निर्वाचन सम्बन्धी कानुनमा लैङ्गिक तथा समावेशी सिद्धान्तलाई विशेष जोड दिएको तथा सो सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयनमा निर्वाचन आयोग प्रतिवद्ध रहेको आयोगले जनाएको छ ।

आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मतदान हुने दिन सवारी साधन प्रयोगबारे निर्वाचन आयोगले निर्णय गरेको छ । यो सँगै आयोगले तोकेको सवारी बाहेककाले अनुमति पत्र लिनुपर्ने भएको हो । आयोगले तोकेका सवारी साधनहरुमा मतदाता ओसापसार गर्ने कार्यमा प्रयोग गर्न नपाइने उल्लेख गरिएको छ । बिरामी बोकेको एम्बुलेन्स, शव वाहन, दमकल, दूध बोक्ने सवारी साधन, अस्पतालमा कार्यरत परिचयपत्र प्राप्त चिकित्सक, स्वास्थ्यकर्मी तथा कर्मचारी, निर्वाचन पर्यवेक्षक, सूचना विभागबाट जारी भएको पत्रकार परिचय बाहकले सवारी साधन चलाउन अनुमतिपत्र लिन नपर्ने गरी आयोगले सहजीकरण गरेको जनाएको छ ।

निर्वाचन आयोगले एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपाल, पुकार बम र काठमाडौं महानगरपालिका-१६ का वडाध्यक्ष मुकुन्द रिजालसहित ६ जनालाई जरिवाना तोकेको छ । आयोगबाट पत्राचार भएको आचारसंहिता उल्लंघन गरेको भन्दै जरिवानासहित उनीहरूलाई कारबाही गरेको आयोगले जनाएको छ । आयोगका अनुसार रिजालले सामाजिक सञ्जालमा उम्मेदवारलाई भोट दिई जिताउन अनुरोध गरेका थिए । त्यसैले उनलाई ५ हजार जरिवाना तोकेको आयोगले जनाएको छ । त्यस्तै, पुकार बमले निर्वाचन प्रचार प्रसारको क्रममा आफ्नो नाम अंकित टिसर्ट प्रयोग गरेको भन्दै ५ हजार जरिवाना तोकेको छ । बमले काठमाडौं क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभाका लागि उम्मेदवार दिएका छन् । यस्तै नेपालले मतदातालाई फ्री भिसा र टिकटमा युवालाई विदेश पठाइदिने भनी प्रलोभनमा पारी अभिव्यक्ति दिएको आयोगले जनाएको छ।

### प्रदेश १

निर्वाचन नजिकिएसँगै राजनीतिक दल तथा उम्मेदवारहरू घरदैलोमा व्यस्त छन् । आफ्ना उम्मेदवार तथा चुनाव चिन्हमा मतदान गर्न सिकाउँदै गरिएका दृश्यहरु पनि देखिए । आज निर्वाचन लक्षित हिंसाका घटनाको अभिलेख भएन । निर्वाचन आचार संहिता अनुगमनका विषयले प्राथमिकता नपाउँदा ग्रामीण भेगमा आचार संहिता उल्लंघनका घटनाहरु प्रशस्त हुने गरेका छन् । सार्वजनिक स्थल प्रचार सामग्रीले भरिभराउ देखिएका छन् भने भोज भतेर गरिएका समाचारहरु पनि प्रकाशन भएका छन् ।
इन्सेक प्रदेश १ कार्यालयका अनुसार मोरंग क्षेत्र न.४ का प्रतिनिधिसभा उम्मेदवार र प्रदेशसभा उम्मेदवारले निर्वाचन आचारसंहिता विपरित मतदातालाई प्रभावित पार्न सम्मानपत्र वितरण गर्न थालेको इन्सेक अनुगमनका क्रममा पाइएको छ । नेपाली कांगेस पार्टीको लेटरप्याडमा नेपाली कांग्रेस र समान रुपान्तरणका लागि महत्वपूर्ण योगदान गरेको भन्दै मतदाता प्रभावित हुने गरी सम्मानपत्र वितरण गरेको पाइएको छ । सम्मानपत्रमा मोरगं निर्वाचन क्षेत्र न.४ का प्रतिनिधिसभा उम्मेदवार अमनलाल मोदी, प्रदेशसभाका उम्मेदवार भीम पराजुली र सभापति अर्जुन कार्कीको हस्ताक्षर छ ।

## मधेस प्रदेश

**सर्लाही जिल्ला प्रतिनिधि बुधन साहकाअनुसार** जिल्लाको क्षेत्र नं. २ मा पर्ने मलंगवा नगरपालिका तथा कौडेना गाउँपालिकामा पर्ने सडक निर्माणको कार्य नभएको भन्दै कौडेना गाउँपालिकाका स्थानीय बासी र हाम्रो नेपाली पार्टी (लौरो चुनाव चिन्ह) का कार्यकर्ताहरुद्वारा बाटो जाम गरेपछि बाटो खुलाउन गएका गठबन्धनका नेकपा माओवादी केन्द्रका कार्यकर्ताहरुसँग कात्तिक २६ गते झडप हुँदा दुई जना कार्यकर्ता घाइते भएको कौडेना गाउँपालिका-५ निवासी हाम्रो नेपाली पार्टीका कार्यकर्ता २८ वर्षीय राम एकवाल बैठाले जानकारी दिनु भएको छ ।
स्थानीयले कात्तिक २१ गतेदेखि रोड जाम गर्दै आइरहेको र कात्तिक २६ गते दिउँसो हाम्रो नेपाली पार्टीका कार्यकर्ताहरुले समर्थक जनाउन जाँदा गठबन्धनका माओवादी केन्द्रका कार्यकर्ताहरुले बाटो खुलाउन गएपछि दुई पक्षीय झडप भएको हो ।
झडपमा परि घाइते भएका कौडेना गाउँपालिका-७ निवासी हाम्रो नेपाली पार्टीका कार्यकर्ता ३२ वर्षीय राम नरेश कुशवाहा र सोही गाउँपालिका वडा नं. ५ का ३४ वर्षीय भरोसी सहनीको जिल्ला अस्पताल मलंगवामा उपचार भइरहेको छ ।

**सप्तरी प्रतिनिधि मनोहर कुमार पोखरेलकाअनुसार** प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष सुरक्षित र भयरहित वातावरणमा सम्पन्न गर्न सप्तरीमा मादक पदार्थको ओसारपसार, बिक्री वितरण र सेवन कार्य निषेध गरिएको छ ।
जिल्ला सुरक्षा समितिको कात्तिक २५ गतेको निर्णय अनुसार निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म जिल्लाभरी सो कार्य नगर्न, नगराउन जिल्ला प्रशासन कार्यालयले सूचित गरेको छ ।
सप्तरीका प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाद्वारा जारी सूचनामा कसैले मादक पदार्थको ओसारपसार, बिक्री वितरण र सेवन कार्य गरेमा प्रचलित कानुन बमोजिम कारवाही हुने चेतावनी दिइएको छ । निर्वाचनको मिति नजिकिएसँगै चोक चोकमा तैनाथ प्रहरी, म्यादी प्रहरीले चेकजाँचमा कडाइ गरेका छन् । दिउँसो अबेला गरी खुल्ने मदिरा पसल भने बिहानदेखि नै खुल्न थालेको छ ।

## बागमती प्रदेश

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन २०७९ को बागमती प्रदेशका १३ ओटै जिल्लामा शान्तिपूर्ण रूपमा भइरहेको छ ।
इन्सेक जिल्ला प्रतिनिधिका अनुसार यस प्रदेशमा आचार संहिताका केही घटना सार्वजनिक भएका र निर्वाचन कार्यालयले स्पष्टिकरण सोध्ने कार्य बाहेक अन्य गतिविधि भएका छैनन् ।

**इन्सेक दोलखा प्रतिनिधि उद्धव पोखरेलका अनुसार** प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनका लागि जिल्लामा ०७९ कात्तिक २५ गते राजनीतिक दल तथा स्वतन्त्र उमेदवारहरूले प्रचार प्रसारलाई निरन्तरता दिएका छन् । जिल्लामा भएको प्रचार प्रसार शान्तिपूर्ण रहेको छ ।
यसैबीच, निर्वाचन कार्यालयको आयोजनामा मतदान अधिकृत र सहायक मतदान अधिकृतहरूका लागि एकदिने अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको छ ।
राष्ट्रिय मानव अधिकार आयोग, बागमति प्रदेशका प्रमुख तथा सहसचिव यज्ञराज अधिकारी सहित इन्सेक जिल्ला प्रतिनिधि समेतले आम निर्वाचन तयारीको अवस्था, आचारसंहिता उल्लङ्घन, भयरहित निर्वाचन सम्पन्न गर्ने सवालमा जिल्लाका सरोकारवाला पक्षको अवस्था लगायत विषयमा छलफल भयो ।
सहसचिव अधिकारी तथा इन्सेक प्रतिनिधिले जिल्ला निर्वाचन अधिकृत जिल्ला न्यायाधीश डिल्लीरत्न श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडा, जिल्ला निर्वाचन कार्यालयका प्रमुख शकुन्तला राई, डिएसपी गंगाप्रसाद पौडेल लगायतसँग छलफल भएको थियो ।

**इन्सेक सिन्धुपाल्चोक प्रतिनिधि नातिबावु धितालका अनुसार** दलहरूका उमेद्वारहरूले छिटफुट आचार संहिता उलङ्घन गर्दै चुनावी अभियानलाई तिव्रता दिएका छन् ।
चुनावी अभियानको क्रममा राजनीतिक दलहरूका उमेद्वारहरूले घरदैलो गर्ने क्रममा माइकिंग गर्ने, सार्वजनीक स्थलमा झण्डा राख्ने र बिपक्षी उमेद्वाहरूलाई गाली गर्ने जस्ता कार्य गरिरहेका छन् । जुन निर्वाचन आचार संहिता उलङ्घन कार्य पर्दछन् ।
यस्ता गतिबिधि गर्ने क्रममा गठबन्धनका उमेद्वारहरू र नेकपा एमालेका उमेद्वारहरू रहेका छन् ।

**इन्सेक रसुवा प्रतिनिधि हेमनाथ खतिवडाका अनुसार** कालिका गाउँपालिका–१ ग्राङमा निर्वाचन आचार संहिता विपरीत सत्ता गठबन्धन दलले सडक खन्ने, मर्मत गर्ने काम गरेर आचार संहित उल्लङ्घन गरेका छन् ।
कालिका गाउँपालिका -१ को ग्राङ गाउँबाट पलेपसम्मको सडक खन्ने, मर्मत गर्ने, माटोले पुर्ने कामका लागि नेपाली कांग्रेसबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार मोहन आचार्य र प्रदेश सभा

सदस्यका उम्मेदवार एकीकृत समाजवादीका इन्द्र गौतमले सडक निर्माणमा स्क्याभेर प्रयोग गरेको कालिका गाउँपालिका- १ का दावाफुर्पा तामाङले बताए ।
उत्तरगया गाउँपालिका-४ मा पनि सांसद मोहन आचार्यको स्क्याभेटर र जेसिवि प्रयोग गरेर सडक निर्माण गरको स्थानीयले बताएका छन् ।
नेपाली कांग्रेसले उम्मेदवार चुनाव चिन्ह, दलको झण्डा र सार्वजनिक स्थानमा ब्यानर राखेर निर्वाचन आचार संहिता उलङ्घन गरेका छन् ।
आचार संहिताको परिच्छेद २ को “ज” मा भनिएको छ “कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उधान, सार्वजनिक सडकमा पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उमेदवारको निर्वाचन चिह्न राख्न वा टाँस्न नहुने भनिएको छ” ।
नेकपा एमालेल् पनि भोट माग्ने क्रममा झण्डा र चुनाव चिन्ह र झण्डा सार्वजनिक स्थानमा राखेका छन् ।
राप्रपा नेपालले पनि गाडीमा माइक राखेर ब्यानर, झण्डा र तुल टाँसेर निर्वाचन आचार संहिता उलङ्घन गरेका छन् ।
गाडी र झण्डा बढी प्रयोग भएको भन्ने गुनासो आएको तर सडक खन्ने, मर्मत गर्ने काममा उम्मेदवारहरूले आचार संहिता उल्लङ्घन गरेको सूचना नपाएको र निर्वाचन आचार संहिता अनुगमन गरी उलङ्घन गरेको भेटिएमा कारबाही गरिने प्रमुख जिल्ला अधिकारी नबराज जैसीले बताउनुभयो ।

**धादिङ प्रतिनिधि सीताराम अधिकारीका अनुसार** पदिय मर्यादा विपरीत भूमि आयोगका अध्यक्ष र जन प्रतिनिधिहरूबाट निरन्तर आचार संहिताको उल्लङ्घन भएको छ ।
सिद्धलेक गाउँपालिका घर भएका भूमि आयोगका अध्यक्ष कृष्ण अर्यालले ०७९ कात्तिक २५ गते सिद्धलेकमा आयोजित गठबन्धनको सभामा मन्तव्य व्यक्र गर्दै एकिकृत समाजवादीले जितेमा मात्र जग्गाधनी पूर्जा दिने बताउनुभयो ।
समाजवादीका नेता रहेका आयोगका अध्यक्ष अर्याल हरेक दिन गठबन्धनको सभामा पुगेर आफू अध्यक्ष भएकोले भोट दिनेलाई जग्गा दिने बताउँदै आउनुभएको छ ।
सिद्धलेक गाउँपालिका उपाध्यक्ष सबिता अर्याल पनि गठबन्धनको सभा र मतदाता भेटघाटमा मत माग्दै हिड्नु भएको छ ।
कात्तिक २४ गतेसिद्धलेक गाउँपालिकाको ग्यासटारमा, कात्तिक २५ गते सिद्धलेक गाउँपालिकाको नलाङमा आचारसंहिता विपरीत मत माग्दै हिड्नु भएको प्रत्यक्षदर्शीहरूले इन्सेकलाई टेलिफोन गरेर बताउनुभएको छ।
निलकण्ठ नगरपालिकाका उपप्रमुख दीपक विकले पनि गठबन्धनलाई मत मागेर सामाजिक सञ्जाल फेसबुकमा आफ्नो धारणा व्यक्त गर्नुभएको छ ।

**इन्सेक नुवाकोट प्रतिनिधि नवदीप श्रेष्ठका अनुसार** निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष बनाई सहज रूपमा सम्पन्न गर्नको लागि कात्तिक २५ गते जिल्लाका दलका प्रतिनिधिहरूले प्रतिवद्धता जनाएका छन् ।

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद रिसालको अध्यक्षतामा भएको सर्वदलिय बैठकमा जिल्लामा राजनीतिक दल तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

बैठकले ११ बुँदे निर्णयमा निर्वाचनलाई भयरहित बनाउनको लागि गर्ने, मतदानस्थल निर्माणको लागि कर्मचारीहरूलाई सहयोग गर्ने, मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिहरूको नाम समयमै उपलब्ध गराउने, एक अर्का दलहरूलाई लान्छना लगाउने, कार्यकर्ताहरूलाई उत्तेजित बनाउने जस्ता कार्य नगर्ने प्रतिबद्धता जनाएका छन् ।

यस्तै, मतदानको दिन मतदातालाई प्रभाव पार्ने, मतदानमा अबरोध गर्ने, उत्तेजित अभिव्यक्ति दिन कार्य कुनै पनि दल र उम्मेदवार वा उनीहरूको प्रतिनिधिबाट नगर्ने÷नगराउने प्रतिवद्धतासहितको निर्णय भएको प्रमुख जिल्ला अधिकारी रिसालले जानकारी दिनुभयो ।

**इन्सेक काठमाडौँ प्रतिनिधि विमल पौडेलका अनुसार** निर्वाचन आयोगले चलचित्र विकास वोर्डका अध्यक्ष भुवन केसीलाई स्पष्टीकरण सोधेको छ । केसी नेपाली कांग्रेसका तर्फबाट नवलपरासी क्षेत्र नं. १ मा प्रतिनिधि सभा सदस्यका उम्मेदवार रहेका विनोद चौधरीको प्रचारप्रसारमा सहभागी भएको भन्दै आयोगले स्पष्टीकरण सोधेको हो ।

आयोगले सोधेको स्पष्टीकरणमा भनिएको छ, ‘तपाईं चलचित्र विकास बोर्डको अध्यक्ष रहेको व्यक्तिले राजनीतिक दलका उम्मेदवारको प्रचारप्रसार गर्नुभएको होइन भन्ने आधार प्रमाण के छ ?’, तपाईं राजनीतिक दलका उम्मेदवारको प्रचारप्रसारमा सहभागी हुनु भएको कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा ७ को खण्ड (क) र (ख) को विपरीत देखिएकोले तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम कारवाही किन हुनु नपर्ने हो ?

निर्वाचन आचारसंहिता, २०७९ को दफा ७, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण अन्तर्गत खण्ड (क) मा “कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने” र ऐ. दफाको खण्ड (ख) मा “राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने व्यवस्था छ ।

काठमाडौं क्षेत्र नम्बर १ मा प्रतिनिधि सभाका स्वतन्त्र उम्मेदवार दुर्गाप्रसाद लिम्बूले सत्तारुढ नेपाली कांग्रेसका उम्मेदवार प्रकाशमान सिंहलाई स्वतन्त्र उम्मेदवार समर्थन गर्दै निष्कृय पारेका छन् ।

कत्तिक २५ गते नयाँ बानेश्वरमा आयोजित एक कार्यक्रमका बीच सत्तारुढ गठबन्धनका उम्मेदवार प्रकाशमान सिंहलाई समर्थन गर्दै लिम्बुले आफ्नो उम्मेदवारी निष्कृय गरेको बताउनुभयो ।
त्यस्तै निर्वाचन आयोगले अस्थायी मतदातालाई प्रतिनिधि सभाको समानुपातिक निर्वाचन प्रणालीमा मतदान गर्नका लागि काठमाडौँका जिल्लामा ४ वटा अस्थायी मतदान केन्द्र तोकेको छ ।
आयोगले तोकेका अस्थायी मतदान केन्द्रहरूमा जिल्ला समन्वय समिति काठमाडौँ, कारागार कार्यालय डिल्लीबजार, केन्द्रीय कारागार, जगन्नाथदेवल र सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हलचोक रहेका छन् ।
अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका तर, आफ्नो स्थायी ठेगानाभन्दा बाहिर रहेका कर्मचारी, सुरक्षाकर्मी, कैदीबन्दी तथा वृद्धाश्रममा रहेका व्यक्तिले प्रतिनिधिसभा सदस्य समानुपातिक प्रणालीतर्फ मतदान गर्न पाउनेछन् ।

**रामेछाप जिल्ला प्रतिनिधि नवराज पथिकका अनुसार** जिल्लामा राजनीतिक दल र उम्मेदवारहरचुनाव प्रचार अभियानलाई निरन्तरता दिएका छन् ।
राजनीतिक दलले कात्तिक २५ गते जिल्लाका विभिन्न स्थानमा शान्तिपूर्ण रूपमा चुनाव प्रचार गरेको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख राजकुमार थिङले जानकारी दिनुभयो ।
यसैबीच जिल्ला निर्वाचन कार्यालयले निर्वाचनमा खटिने मतदान अधिकृत र सहायक मतदान अधिकृतको लागि प्रशिक्षण तालिम सुरु गरेको छ ।
कात्तिक २५ गते दोरम्बा, लिखु, उमाकुण्ड र सुनापति गाउँपालिकामा खटिने कर्मचारीलाई तालिम दिएको जिल्ला निर्वाचन अधिकारी मधुकुमार साहले जानकारी दिनुभयो ।
बाँकी चार ओटा पालिकामा खटिने कर्मचारीको लागि २६ गते तालिम दिइने उहाँले बताउनुभयो ।

**मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारीका अनुसार** प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्लामा ३ हजार जना कर्मचारी खटाइने भएको छ । ३ हजार जना कर्मचारी मध्यमा ५ सय जना सहायक स्तरका शिक्षकहरूलाई पनि खटाउने भएको छ ।
हेटौंडामा रहेका बिभिन्न मन्त्रालय, जिल्ला स्तरका कार्यालय र स्थानीय तहसमेत गरेर २ हजार ५ सय जना कर्मचारी र अरु पाँच सय जना सहायक स्तरका स्थायी शिक्षकहरूलाई चुनावमा खटाउन लागिएको मकवानपुरका मुख्य निर्वाचन अधिकृत ऋषिराम निरौलाले जानकारी दिनुभयो ।
स्थानीय तहको चुनावमा भन्दा अहिले प्रदेश र प्रतिनिधि सभाको चुनावमा धेरै कर्मचारी यस जिल्लामा खटिने भएका हुन् । निर्वाचनमा मतदान केन्द्रमा खटिएका कर्मचारीलाई यही कार्तिक २८ र २९ गते निर्वाचनका सामाग्री जिम्मा लगाएर पठाउने तयारी निर्वाचन अधिकृतको कार्यालयले गरेको छ ।

## लुम्बिनी प्रदेश

**दाङ जिल्ला प्रतिनिधि जयनारायण पुनका अनुसार** निर्वाचन बहिष्कार गर्दै आएको नेकपा (मशाल)ले घोराहीमा कोण सभा गरीरहेका बेला जिल्ला प्रहरी कार्यालयले चार जनालाई गिरफ्तार गरेको छ । गिरफ्तार भएकाहरूमा  नेकपा (मसाल) का जिल्ला सदस्य घोराही उपमनपा-१४ का ४३ वर्षीय लिलाबहादुर पुन, नेकपा (मसाल)का नेता गढवा गाउँपालिका-४ का ५३ वर्षीय ओमबहादुर केसी, घोराही उपमनपा-१५ का ५३ वर्षीय मेघराज भट्राई र घोराही उपमनपा-१४ की ४१ वर्षीया यमसरी जीएम छन् । उनीहरूलाई जिल्ला प्रहरी कार्यालय दाङको हिरासतमा राखिएको छ । प्रहरीले एक थान माइक, एक थान ब्यानर र १५ थान पार्टीका झण्डा पनि लगेको नेकपा (मसाल) दाङका प्रवक्ता रेशम बीसीले जानकारी दिनुभयो ।

**नवलपरासी पश्चिम प्रतिनिधि नारायण पराजुलीका अनुसार** प्रतिनिधि सभा र प्रदेश सभाको आसन्न निर्वाचन  नजिकिएसँगै जिल्लामा निर्वाचान आचार संहिता उल्लङ्घनका घटनाहरू हुन थालेका छन् । जिल्लाको प्रतिनिधि सभा, निर्वाचन क्षेत्र नं १ मा गठबन्धनबाट उम्मेदवर विनोदकुमार चौधरीले एक हप्तादेखि बर्दघाट नगरपालिका- ७, जिमिरेभारमा पर्ने त्रिनेत्र अध्यात्म धाममा भोजभतेर चलाएको पाइएको छ ।  चौधरीको समूहले निर्वाचन प्रचार प्रसारमा आचार संहिता विरुद्ध हुनेगरी बालबालिकाको प्रयोग गरेको,  सि जि ग्रुपको इन्टेरनेट सेवा निशुल्क गराएर प्रलोभनमा पारेको र जिल्लाको दक्षिणी क्षेत्र केरा उत्पादनको केन्द्र रहेकोमा उक्त स्थानमा केरा बाट उत्पादन हुने खाद्यान्नको उद्योग ( सिजी) स्न्याक्सको शिलान्यास गरी आफ्नो आर्थिक शक्तिबाट आम मतदातालाई प्रलोभनमा पारेको जस्ता मुख्य आरोपहरू रहेको नागरिक अगुवा बृजराज कुश्वाहाले जानकारी बताउनु भयो । चौधरीको भोज भतेरमा दैनिक १ सय जना भन्दा बढी ब्यक्तिले दिनको ४ पटकसम्म मासुभात खाने व्यवस्था मिलाएको स्थानीय भवानीप्रसाद पौडेलले बताउनु भयो । उक्त घटना विरूद्ध जिल्ला निर्वाचन कार्यालयमा उजुरी परेको क्षेत्र नं. १ का सहायक मतदान अधिकृत तिलक पौडेलले जानकारी दिनुभयो । उक्त उजुरी विरूद्ध अनुसन्धान भइरहेको र आवश्यक कारबाही हुने पनि अधिकृत पौडेलले बताउनु भयो ।

**पाल्पा प्रतिनिधि यज्ञमूर्ति तिमिल्सिनाका अनुसार** पाल्यामा निर्वाचन आयोगले समानुपातिक तर्फको मतदानका लागि २ वटा मतदान केन्द्र तय गरेको छ । पाल्पामा दि फेमस महेन्द्र दल ब्यारेक नागपोखरी तानसेन ६ र पाल्पा कारागारमा अस्थायी मतदान केन्द्र तय गरिएको मुख्य निर्वाचन अधिकृत कमलराज बिष्टले बताउनु भयो । आयोगले मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचन अन्तर्गत प्रतिनिधि सभा तर्फको समानुपातिकमा मतदान गर्ने अस्थायी मतदाताका लागि मतदान केन्द्र कायम गरेको हो । आयोगका अनुसार अस्थायी मतदाता नामावलीमा नाम भएका तर मतदान केन्द्रमा नखटिने कर्मचारी, सुरक्षाकर्मी, वृद्ध आश्रममा रहेका व्यक्ति र निर्वाचन कसुरमा सजाय पाएका बाहेक अन्य कैदी बन्दीलगायतका लागि अस्थायी मतदान केन्द्र कायम गरिएको बिष्टले बताउनु भयो । पाल्पामा  २ हजार ९ सय २१ अस्थायी  मतदाता रहेका छन् ।

**कपिलवस्तु प्रतिनिधि पार्वती आचार्यका अनुसार** जिल्लाका विभिन्न स्थानहरूमा नेपाली काङ्ग्रेस , नेकपा माओवादी केन्द्र सहितको गठबन्धन र नेकपा एमाले लगायतका राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले आचर संहिता विपरित चर्को स्वरमा साउण्ड सिस्टमहरू बजाउने , गाडी छोपीने गरी ब्यानर , झण्डाहरूको प्रयोग गर्नुका साथै ठुलो हूलमा नाचगान र घरदैलो गर्दै हिड्ने गरेको पाइएको छ । मोटरसाईकल , साईकल , अटोरिक्सा , गाडी , रुख , सरकारी कार्यालयको लगायतका सार्बजनिक र

नीजि स्थानहरूमा पर्चा तथा पम्प्लेटहरू लगाएका छन् । प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन २०७९ को लागि मतदान केन्द्रमा प्रयोग हुने विभिन्न अनुसूची लगायत ७२ प्रकारका मतदान सामाग्रीहरू क्षेत्र नं २ बाहेक सम्बन्धित क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा पठाइएको जिल्ला निर्वाचन अधिकारी राजिव पन्थीले जानकारी दिनु भयो । निर्वाचन अधिकृतको कार्यालयले जिल्लामा ३ हजार ७ सय ७५ जना कर्मचारी खटाइने मूख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । जिल्ला निर्वाचन सुरक्षा समितीका अनुसार जिल्लामा प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनका लागि २८ ओटा मतदान स्थल अति सम्वेदनशील, ९९ वटा सम्वेदनशील र १ सय ७ वटा सामान्य सूचीमा रहेका छन् ।

## सुदूरपश्चिम प्रदेश

**इन्सेक कञ्चनपुर प्रतिनिधि लिली कुँवरका अनुसार** स्थानीय तहमा निर्वाचित हुनु भएका जनप्रतिनिधिहरु निर्वाचन आचारसंहिता विपरीत चुनाव प्रचारप्रसारमा संलग्न रहनु भएको अनुगमनका क्रममा पाइएको छ । निर्वाचन आयोग ऐन २०७३ को दफा २२ को परिच्छेद ३ को बुँदा (ङ) मा स्थानीय तहका जनप्रतिनिधिहरुले आफ्नो स्थानीय तह भित्र कुनै पनि दलका उम्मेदवारको पक्षमा मत माग्न रोक लगाइएको भएपनि जिल्लास्थित स्थानीय तहका मेयर उपमेयर निर्वाचन आचारसंहिता विपरीत राजनितिक दलको आमसभा तथा निर्वाचनको घरदैलो तथा प्रचारप्रसारमा संलग्न हुनु भएको छ । बेलडाँडी क्षेत्रमा पर्यवेक्षण गर्दै आउनु भएका हरिश बागका अनुसार बेलडाँडी गाउँपालिकाकी उपाध्यक्ष शान्ति नाथ नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले संयुक्त रुपमा आयोजना गरेको घरदैलो कार्यक्रममा सहभागी भएको पाइएको छ । स्थानीय निर्वाचित जनप्रतिनिधिहरु निर्वाचन आचारसंहिता विपरीत चुनावी प्रचारप्रसारमा संलग्न भएको उजुरी नपरेको निर्वाचन कार्यालय, कञ्चनपुरले जनाएको छ ।

**डडेल्धुरा जिल्ला प्रतिनिधि भुपेन्द्र बिष्टका अनुसार** मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतदान केन्द्रमा खटिने कर्मचारीको सूची सार्वजनिक गरेको छ । निर्वाचन सम्पन्न गर्नका लागी जिल्लामा १ हजार १ सय ५ जना कर्मचारी छनौट गरिएको छ । मुख्य निर्वाचन अधिकृत बालकृष्ण वाग्लेका अनुसार मङ्सिर ४ गते हुने प्रतिनिधि र प्रदेश सभा निर्वाचनका लागि प्रत्येक मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र कार्यालय सहयोगी गरी १ हजार १ सय ५ जना कर्मचारी खटाइएको बताउनु भयो ।

प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य पदका लागि हुने निर्वाचनलाई शान्ति, मर्यादित र निष्पक्ष रुपमा सञ्चालन गर्न तथा जिल्लाको शान्ति सुरक्षा चुस्तदुरुस्त पार्नका लागि कात्तिक २६ गतेदेखि मदिरा बिक्री वितरण र उपभोगमा रोक लगाइको प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले जानकारी दिनुभयो ।

**इन्सेक बझाङ प्रतिनिधि सत्यराजबहादुर सिंहका अनुसार** स्थानीय तह निर्वाचनमा धेरै मत बदर भएपछि जिल्लास्थित राजनीतिक दलका कार्यकर्ताहरु चुनावी प्रचारप्रसारका साथै मतदात शिक्षालाई प्रभावकारी बनाउन गाउँगाउँमा नमुना मतपत्र लिएर मतदातालाई भेटघाट मतदाता शिक्षा दिन थालेको पाइएको छ । स्थानीय तह निर्वाचनमा खसेको मतको २८.३ प्रतिशत मत बदर भएको जिल्ला निर्वाचन कार्यालय,बझाङका प्रमुख विमलप्रसाद गौतमले बताउनु भयो । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि जिल्लाका ५६ ओटा मतदानस्थल अतिसंवेदनशील रहेको जिल्ला सुरक्षा समितिले जनाएको छ । कुल १ सय ३५ मतदानस्थल मध्ये ५६ ओटा मतदानस्थल अतिसंवेदनशील, ५८ संवेदनशील तथा २१ ओटा सामान्य गरी तीन चरणमा मतदानस्थलको वर्गीकरण गरिएको प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले बताउनु भयो । अतिसंवेदनशील मतदानस्थलको सुरक्षाका लागि सुरक्षा

रणनीति तयार गरी सुरक्षाकर्मीहरुलाई परिचालन गर्ने तयारी भइरहेको पनि प्रमुख जिल्ला अधिकारी अर्यालले बताउनु भयो ।

**बाजुरा प्रतिनिधि पदमबहादुर सिंहका अनुसार** प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्लाका ७० मतदानस्थल मध्ये ४३ ओटा मतदानस्थल अति संवेदनशील रहेको जिल्ला सुरक्षा समितिले जनाएको छ । बिगतमा भएको निर्वाचनका घटना, सुरक्षा सम्वेदनशीलताको दृष्टिकोण, यातायातको पहुँच भौगोलिक विकटता, मतदाता र मतदान केन्द्रको दूरी र सुरक्षा पोष्टको पहुँच लगायतका बिषयलाई केन्द्रित गरेर मतदान स्थललाई वर्गीकरण गर्ने गरिएको सहायक प्रमुख जिल्ला अधिकारी लोकेन्द्र बिष्टले बताउनु भयो । जिल्ला सुरक्षा समितिले मतदानस्थलको बर्गिकरण सोही अनुसारको सुरक्षा योजना तर्जुमा गरिएको र नेपाल प्रहरी, म्यादी प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना गरी २ हजार सुरक्षाकर्मी खटाइने सहायक प्रमुख जिल्ला अधिकारी बिष्टले बताउनु भयो । प्रतिनिधि सभाका लागि एक र  प्रदेश सभाका लागि दुई निर्वाचन क्षेत्र रहेका यस जिल्लामा महिला ४० हजार ५ सय ३७ महिला  र दुई अन्य गर ८२ हजार ८ सय ९० मतदाता रहेका छन् ।

**इन्सेक दार्चुला प्रतिनिधि नरेन्द्रसिंह कार्कीका अनुसार** प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि जिल्लामा १ सय ४३ जना मतदान अधिकृत,  १ सय ४३ जना सहायक मतदान अधिकृत, ६ सय ९९ सहायक कर्मचारी र १ सय ४३ जना कार्यालय सहयोगी गरी १ हजार १ सय २८ जना कर्मचारी खटाइएको मुख्य निर्वाचन अधिकृत खेमजरा भट्टले जानकारी दिनु भयो । प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि जिल्लामा ४३ हजार ६ सय ११ महिला सहित ८९ हजार १ सय ५४ मतदाता रहेका छन् । जिल्लामा १ लाख समानुपातिक मतपत्र र ९९ हजार प्रत्यक्षतर्फको मतपत्र पुगेको छ । जिल्ला निर्वाचन कार्यालयले निर्वाचनमा खटिने निर्वाचन अधिकृत र सहायक मतदान अधिकृतको लागि कात्तिक २६ गतेदेखि तालिम सुरु गरेको छ । पहिलो चरणमा अपिहिमाल, मार्मा, लेकम, नौगाड र व्याँस गाउँपालिकामा खटिने १ सय ४० जना कर्मचारीको लागि तालिम सञ्चालन गरिएको निर्वाचन अधिकारी प्रदीपसिह धामीले जानकारी दिनुभयो ।
स्थानीय तहको समन्वयमा महाकाली नगरपालिका, शैल्यशिखर नगरपालिका, मालिकार्जुन गाउँपालिका, लेकम गाउँपालिका, व्याँस गाउँपालिका, दुहुँ गाउँपालिका र नौगाड गाउँपालिकामा कात्तिक २६ गते सर्वसाधारण, कर्मचारी, सुरक्षाकर्मी, सञ्चारकर्मीको समेत सहभागितामा नमूना मतदान अभ्यास सम्पन्न गरिएको जिल्ला निर्वाचन अधिकारी प्रदीपसिह धामीले बताउनु भयो । बदरमत घटाउने उद्धेश्यले स्थानीय तहहरुमा नमूना मतदान सञ्चालन गरी मत हाल्ने तरिकाका बारेमा शिक्षा प्रदान गरीएको र अहिलेसम्म नमूना मतदानको क्रममा ६ प्रतिशत मत बदर देखिएको जिल्ला निर्वाचन कार्यालय, दार्चुलाका सूचना अधिकारी चित्रप्रकाश जोशीले बताउनु भयो । मतदाता शिक्षाका लागि प्रभावकारी बनाउनका लागि सम्बन्धित स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत संयोजक रहने गरी वडा सचिव र महिला स्वयंसेविकालाई परिचालन गरिएको सूचना अधिकारी जोशीले बताउनु भयो ।

**इन्सेक डोटी प्रतिनिधि गणेश जोशीका अनुसार** अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधि तथा प्रदेश सभा निर्वाचनलाई लक्षित गर्दै निर्वाचन अनुगमन तथा आचारसंहितासम्बन्धीत प्रशिक्षण कार्यक्रम कात्तिक २६ गते सम्पन्न गरेको छ । इन्सेक सुदूरपश्चिम प्रदेश संयोजक खडकराज जोशीले निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहितालाई पूर्ण रुपमा सबैले पालना गर्नु पर्ने बताउनु भयो । निर्वाचनलाई स्वच्ट, निश्पक्ष र

भयरहित वातावरणमा सम्पन्न गर्न पत्रकार, मानव अधिकारकर्मी र निर्वाचन प्रर्यवेक्षकको ठुलो भुमिका हुने भएकोले कसैको डर, धम्की प्रलोभनमा नपरी निष्पक्ष रुपमा निर्वाचनको पर्यवेक्षण गर्न र सूचना सम्पेषण गर्न प्रदेश संयोजक जोशीले आग्रह गर्नु भयो । पत्रकार महासघ, डोटीका अध्यक्ष मोहन शाही, प्रेस संगठन, डोटीका अध्यक्ष नबराज जोशी र बिम्व साप्ताहिकका सम्पादक रामहरि ओझाले निर्वाचनलाई स्वाच्छ, निश्पक्ष र भयरहित वातावरणम सम्पन्न गर्न राजनीतिक दल लगायत पत्रकार, अधिकारकर्मीहरुले निर्वाचन आचारसंहिताको पूर्ण रुपमा पालना गर्न आवश्यक भएको बताउनु भयो ।

**इन्सेक बैतडी प्रतिनिधि नरी बडुका अनुसार** निर्वाचनका लागि खटिने मतदान अधिकृत सहयक मतदान अधिकृत र अन्य कर्मचारीहरु छनौट गरी कात्तिक २६ गतेदेखि दुई दिने  तालिम सञ्चालन गरिएको र तालिमका नमूना मतदानको काम समेत सँगसँगै गरिएको मुख्य निर्वाचन अधिकृत जयानन्द पनेरूले बताउनु भयो  । २ सय ११ मतदान केन्द्र रहेको यस जिल्लामा १ हजार ६ सय ८३ जना कर्मचारी र नेपाल प्रहरी, शसस्त्र प्रहरी र नेपाली सेना गरी २ हजार ५ सय जना सुरक्षाकर्मी परिचालन गरिएको छ । मतदानमा खटिने सुरक्षाकर्मीहरुसम्बन्धीत ठाउँमा पुगिसेको र संचित सुरक्षाकर्मीहरुलाई समेत तैनाथि अवस्थामा राखिएको प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीले बताउनु भयो ।

इन्सेक insec
मानव अधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np, वेवसाइट: www.insec.org.np, www.inseconline.org